## कार्यपालिका वैठक नं.१६ आ.व.२०८१- ०८२ (२०८२/०३/०९)

आज मिति २०८२/०३/०९ गतेका दिन बिहान ८: ०० बजेको समयमा आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष श्री शुक्र चुमानज्युको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसियो ।

### उपस्थिती

| क्र.स. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | शुक्र चुमान | |
| २ | उपाध्यक्ष | दुर्गा अर्याल | |
| ३ | सदस्य | प्रेम बहादुर गुरुङ | |
| ४ | सदस्य | आस बहादुर गुरुङ | |
| ५ | सदस्य | दिनेश के.सी. | |
| ६ | सदस्य | मिलन भुजेल | |
| ७ | सदस्य | सन्तोष गुरुङ | |
| ८ | सदस्य | दिलिप गुरुङ | |
| ९ | सदस्य | बसुन्धरा गौली | बसुन्धरा |
| १० | सदस्य | सम्झना सुनार | |
| ११ | सदस्य | शुशिला नेपाली | |
| १२ | सदस्य | सुन कुमारी गुरुङ | |
| १३ | सदस्य | गंगा वि.क. | |
| १४ | सदस्य | भुगोल वि.क. | |
| १५ | सदस्य सचिव | विष्णु प्रसाद शर्मा | |
| १६ | सदस्य सचिव, अ. कि. अधि | किशोर छेत्री | |
| १७ | प्रशा. सहा. | अपेक्षा श्रेष्ठ ज्ञान | |
| १८ | का. स. | भीमाया [illegible] | |

Scanned with CamScanner

**कार्यपालिका वैठक नं.१६ आ.व.२०८१- ०८२ (२०८२/०३/०९) को प्रस्तावहरु**

१. विनियोजन विद्येयक, २०८२ सम्वन्धमा ।

२. आर्थिक वर्ष २०८२/८३ को योजना, कार्यक्रम, वजेट तथा आय/व्यय विवरण सम्वन्धमा ।

३. घरनक्सा सम्वन्धमा ।

४. भुक्तानी सम्वन्धमा ।

- सवारी मर्मत खर्च ।
- विद्युत पोल ढुवानी खर्च ।
- विविध खर्च ।
- निर्माण सामग्री खरिद खर्च ।

५. विषय थप सम्वन्धमा ।

६. अनुगमन प्रतिवेदन स्वीकृत गर्ने सम्वन्धमा ।

७. १७ औं गाउँसभामा अनुमोदनको लागि पेश गरिने विविध प्रस्तावहरु सम्वन्धमा ।

क) कार्यपालिकाको निर्णयहरु अनुमोदन सम्वन्धमा ।

ख) कर्मचारी म्याद थप/करार सम्झौता नविकरण सम्वन्धमा ।

ग) खर्च अनुमोदन सम्वन्धमा ।

घ) लेखा समितिको निर्णय सम्वन्धमा ।

ङ) कर्मचारी सेवा सुविधा तथा तलब वृद्धि सम्वन्धमा ।

८. विविध सम्वन्धमा ।

Scanned with CamScanner

## कार्यपालिका बैठक नं.१६ आ.व.२०८१- ०८२ (२०८२/०३/०९) निर्णयहरु

**निर्णय नं. १ विनियोजन विधेयक, २०८२ सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका तनहुँको आर्थिक वर्ष २०८२/०८३ को विनियोजन विधेयक उपर छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो र अनुमोदनको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ आर्थिक वर्ष ०८२/८३ को योजना, बजेट, तथा आय व्यय विवरण सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका तनहुँको आर्थिक वर्ष २०८२/८०३ को योजना, बजेट तथा कार्यक्रम, आय व्यय विवरण उपर छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो र अनुमोदनको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ : घरनक्शा सम्बन्धमा ।**

घर निर्माणका लागि नक्शपास गरी स्थायी इजाजत समेत लिई निर्माण सम्पन्न भएका तर २ वर्ष भित्रमा निर्माण सम्पन्न लिनुपर्नेमा नलिई सो अवधि पश्चात निर्माण सम्पन्न प्रमाणपत्र लिनको लागि निवेदन पेश गर्ने घरधनीहरुलाई देहाय बमोजिमको दस्तुर लिई निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गर्ने निर्णय गरीयो ।

**देहाय :**

- स्थायी इजाजत लिएको २ देखि ३ वर्ष सम्ममा घर सम्पन्न प्रमाणपत्रका लागि निवेदन दिएमा : १० प्रतिशत
- स्थायी इजाजत लिएको ३ देखि ४ वर्ष सम्ममा घर सम्पन्न प्रमाणपत्रका लागि निवेदन दिएमा : २५ प्रतिशत
- स्थायी इजाजत लिएको ४ देखि ८ वर्ष सम्ममा घर सम्पन्न प्रमाणपत्रका लागि निवेदन दिएमा : ५० प्रतिशत
- स्थायी इजाजत लिएको ८ वर्ष पश्चात घर सम्पन्न प्रमाणपत्रका लागि निवेदन दिएमा : १०० प्रतिशत

**निर्णय नं. ४. भुक्तानी सम्बन्धमा ।**

**क) सवारी मर्मत खर्च भुक्तानी सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका अर्न्तगत रहेका तपशिल तपशिलका सवारी साधन कार्यालय प्रयोजनको लागि प्रयोग भैरहेकोमा विग्रीएकोले कार्यालयको आदेश बमोजिम मर्मत गरिएकोमा सो बापतको रकम भुक्तानीको लागि राईजिङ्ग स्टार अटो मोबाइल्स, पोखराबाट पेश भएको निवेदन उपर छलफल गरी कन्टलजेन्सी शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**तपशिल :**

सवारी साधन नं. ग.१.झ.३६१ : १,९९,८१२/-(अक्षररुपी एक लाख उनान्सय हजार आठ सय बाह्र रुपैंया मात्र ।)

सवारी साधन नं. ग.१.झ.२८१ : १,९९,३३२/-(अक्षररुपी एक लाख उनान्सय हजार तिन सय बत्तीस रुपैंया मात्र ।)

**ख) विद्युत पोल ढुवानी खर्च भुक्तानी सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका वडा नं.६ स्थित डिखेतमा विद्युत प्रशारण व्यवस्थापनको लागि आवश्यक सामग्रीहरु ढुवानी गरेवापतको जम्मा खर्च रकम रु.३०,०००/-(अक्षररुपी तिस हजार रुपैंया मात्र ।) भुक्तानीको लागि पेश भएको निवेदन उपर छलफल गरी संलग्न कागजात तथा सम्वन्धित वडाको

Scanned with CamScanner

सिफारिस वमोजिम गाउँकार्यपालिकाको स्वीकृत विपद व्यवस्थापन कोषबाट खर्च हुनेगरी भुक्तानी दिने निर्णय गरीयो ।

**ग) विविध खर्च रकम भुक्तानी सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका वडा नं.६ अर्न्तगतका विभिन्न युवा क्लवहरुलांई वितरण गरेको खेलकुद सामग्री खर्च तथा कार्यालय सामग्री खरिद वापतको जम्मा रकम रु.६१,४२३/-(एकसट्ठी हजार चार सय तेइस रुपैया मात्र ।) भुक्तानीको लागि पेश भएको निवेदन उपर छलफल गरी संलग्न कागजात तथा सम्वन्धित वडाको सिफारिस वमोजिम गाउँकार्यपालिकाको स्वीकृत मशलन्द तथा कार्यालय सामग्री खर्च शिर्षकवाट भुक्तानी दिने निर्णय गरीयो ।

**घ) निर्माण सामग्री खरिद खर्च रकम भुक्तानी सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउकार्यपालिकाको स्वीकृत नीति तथा कार्यक्रम बमोजिम चण्डेश्वरी आ.वि.जाने गोरेटो बाटो निर्माण योजनां प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत सञ्चालन गरिएकोमा उक्त बाटो निर्माणमा लाग्ने निर्माण सामग्री सिमेन्ट गाउँपालिकाबाट उपलब्ध गराएको हुँदा सो वापतको जम्मा खर्च रकम रु.२२,३७४/-(अक्षररुपी बाईस हजार तिन सय चौहत्तर रुपैंया मात्र ।) कन्टेनजेन्सी बाट भुक्तानी दिने निर्णय गरीयो ।

**५. विषय थप सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका वडा नं. स्थित मित्रता माध्यमिक विद्यालयमा कक्षा ११ र कक्षा १२ मा कम्प्युटर विज्ञान विषय थप गर्ने निर्णय गरियो ।

**६. अनुगमन प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाको पालिकास्तरीय योजना अनुगमन समितिवाट पालिकाको स्वीकृत योजना कार्यक्रमहरुको अवस्थाहरुको वारेमा अध्ययन/अनुगमन गरि पेश भएका तपशिल वमोजिमका योजनाहरुको अनुगमन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**तपशिल :**

- आँवुखैरेनी वहुसाँस्कृतिक संग्रालय, वडा नं.२
- शान्ति टोल मार्ग नाला निर्माण योजना, वडा नं. ३
- सहिद स्मृती पार्क निर्माण योजना, वडा नं. १
- वासपानी-काफलडाँडा-लोप्राङ-आमडाँडा सडक निर्माण योजना, वडा नं. ४

**७. १७ औं गाउँसभामा अनुमोदनको लागि पेश गरिने विविध प्रस्तावहरु सम्बन्धमा ।**

**क) कार्यपालिकाको निर्णयहरु अनुमोदन सम्वन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका, गाउँकार्यपालिकाले हालसम्म गरेका निर्णयहरु अनुमोदनको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**ख) कर्मचारी म्याद थप सम्बनधमा ।**

यस आँबुखैरेनी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु तथा गाउँपालिका मातहतका कार्यालयहरुमा कार्यरत करार कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कनको आधारमा आर्थिक वर्ष २०८२/०८३ को लागि श्रावण १ गतेदेखि पुस मशान्त सम्म (६ महिना) को लागि करार नवीकरण गरी कामकाज गर्ने गराउने निर्णय गरीयो र अनुमोदनको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**ग) खर्च अनुमोदन सम्बन्धमा ।**

चालु आर्थिक वर्ष २०८१/०८२ मा गाउँपालिका अध्यक्ष ज्यूको आदेश बमोजिम भएका सम्पुर्ण काम/कारवाही, योजना तथा कार्यक्रम, खाद्यान्न वितरण र आर्थिक सहायता लगायतका सम्पुर्ण भुक्तानीहरु स्वीकृत गरी अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**घ) महालेखा परिक्षण प्रतिवेदन तथा लेखा समितिको निर्णय सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका, गाउँकार्यपालिकाको लेखा समितिद्धारा पेश भएको महालेखा परिक्षकको कार्यालयबाट प्राप्त आर्थिक वर्ष २०८०/०८१ को लेखापरिक्षण प्रतिवेदन उपर छलफल गरी फछ्र्यौट सम्बन्धमा भएका सम्पुर्ण निर्णयहरु स्वीकृत गरी अनुमोदनको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**ङ) कर्मचारी पारिश्रमिक वृद्धि गर्ने सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु तथा पालिका मातहतका कार्यालयहरुमा कार्यरत तपशिल बमोजिमका कर्मचारीहरुको तलव वृद्धि गर्ने निर्णय गरियो र अनुमोदनको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

तपशिल :

| क्र.सं. | नामथर | पद | साविक पारिश्रमिक | बृद्धि गरिएको रकम | कायम हुने पारिश्रमिक |
|---|---|---|---|---|---|
| १. | शुभकन्या गुरुङ | कार्यालय सहयोगी | २२,०००/- | न्यूनतम तलव स्केल | २४,७०२/- |
| २. | दुर्गा अधिकारी | | | | |

**च) सवारी साधन भाडा रकम खर्च भुक्तानी सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँकार्यपालिकाको निर्णय बमोजिम कार्यालय प्रयोजनको लागि आँबुखैरेनी २ निवासी शंकर थापा क्षेत्रीको बा.२०.च.२९८५ नम्बरको फोरव्हील पिकअप गाडी भाडामा लिएवापत यस आर्थिक वर्ष ०८१/८२ को वैसाख महिनादेखि असार महिनासम्म गरी जम्मा ३ महिनाको सम्झौता बमोजिमको जम्मा रकम रु.३,६०,०००/-(अक्षररुपी तिन लाख साठी हजार रुपैंया मात्र ।) गाउँकार्यपालिकाको स्वीकृत सवारी साधन तथा मेशिनर औजार भाडा खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरीयो ।

छ) आवास सुविधा सम्बन्धमा ।

यस आँबुखैरेनी गाउँपालिकाद्धारा सञ्चालित आँबुखैरेनी अस्पतालमा कार्यरत कर्मचारीहरुको कार्यबोझको आधारमा आवास सुविधा उपलब्ध गराउन भनि प्राप्त सिफारिसउपर छलफल गरी गाउँकार्यपालिकाद्धारा स्वीकृत आवास सुविधा व्यवस्थापन कार्यविधी-२०८२, को दफा ४ बमोजिमको तपशिलका कर्मचारीहरुलाई अनुसूची २ बमोजिमको आवास सुविधा उपलब्ध गराउने निर्णय गरीयो ।

तपशिल :

| क्र.सं. | नामथर | पद |
|---|---|---|
| १ | डा.धन बहादुर क्षेत्री | MDGP चिकित्सक (नवौ) |
| २. | डा.राजकुमार शाह | अर्थोपेडिक सर्जन, हाडजोनी तथा नशारोग विशेषज्ञ, (नवौ) |
| ३. | डा.सोवित गुरुङ | मेडिकल अधिकृत आँठौ |
| ४. | डा.अविनाश कुमार रौनियार | मेडिकल अधिकृत आँठौ |
| ५. | डा.दिपक पाण्डे | मेडिकल अधिकृत आँठौ |
| ६. | डा.आशिष पौडेल | मेडिकल अधिकृत आँठौ |
| ७. | भानु अर्याल | एनेस्थेसिया एसिस्टेन्ट-पाँचौ |

ज). कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।

यस आँबुखैरेनी गाउँकार्यपालिकाको स्वीकृत नीति तथा कार्यक्रमहरु वमोजिमका योजना तथा कार्यक्रमहरु नियम संगत तथा व्यवस्थित तरिकाले सञ्चालन गर्नका लागि निर्माण गरी पालिकाको विद्यायन समितिवाट निर्णय भई स्वीकृतिको लागि पेश भएका तपशिल वमोजिमका कार्यविधिहरु उपर छलफल गरी उक्त ऐन, नियमावली तथा कार्यविधिहरु संविधानमा उल्लेखित स्थानीय सरकारको अधिकार भित्रका कार्यहरुसँग सम्वन्धित रहेको र यस्को निर्माण गर्दा संघीय र प्रदेश कानूनसंग प्रतिकूल नभएको, स्वच्छ न्यायपूर्ण तथा तर्कसङ्गत देखिएको, निर्माण गरिएको ऐन, नियमावली तथा कार्यविधिहरु व्यवहारिक रुपमा जनताको घरदैलोमा लागु भई कार्यान्वयन हुन सक्ने पाइएको तथा कार्यविधि कार्यान्वयनका लागि आवश्यक आर्थिक श्रोत तथा संस्थागत संरचनाको व्यवस्था भएको पाइएकोले तपशिलका ऐन, नियमावली तथा कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल :

- आँबुखैरेनी गाउँपालिकाको औद्योगिक ग्राम सञ्चालन सम्वन्धी कार्यविधी, २०८२

झ) स्थानीय खानेपानी तथा सरसफाई मापदण्ड सम्बन्धमा ।

अर्को व्यवस्था नहुँदा सम्मको लागि नेपाल सरकार खानेपानी मन्त्रालयले मिति २०८०/०१/१८ गते नेपाल राजपत्रमा सुचना प्रकाशित गरी लागु गरेको "फोहोरपानी प्रशोधन केन्द्र बाट प्रशोधन भई उत्सर्जन हुने प्रशोधित फोहोरपानीको मापदण्ड" र नेपाल सरकार खानेपानी मन्त्रालयको मिति २०७९/०३/०२ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशित गरी लागु गरेको " खानेपानी गुणस्तर मापदण्ड" लाई नै स्थानीय खानेपानी तथा सरसफाई मापदण्डको रुपमा कार्यान्वयन गर्ने निर्णय गरीयो ।

Scanned with CamScanner